# हाम्रा विदेशी ग्राहकहरू

कृपया यो सूचित गराइन्छ कि जम्मा बैंक खाता खोल्नको लागि निम्न कागजात आवश्यक पर्दछन्।
कृपया खाता खोल्न जाँदा उल्लेखित वस्तुहरू तयार गरेर लिएर जानुहोस्।

## 《बैंक खाता खोल्नका लागि आवश्यक पर्ने कागजात》

(नमूना) निवास कार्ड




स्रोत: जापान आप्रवासन ब्यूरोको वेबसाइट




### व्यक्तिगत पहिचानका कागजात

- व्यक्तिगत पहिचान कागजातमा वाहकको फोटो र वाहकको नाम, ठेगाना (जापानको) र जन्ममिति उल्लेख हुनुपर्छ।

उदाहरणका लागि:

▶निवास कार्ड
▶विशेष स्थायी निवास प्रमाणपत्र
▶व्यक्तिगत नम्बर कार्ड
▶पासपोर्ट

* खाता खोल्ने प्रक्रियामा आवेदकको जापान बसाइ अवधिको पुष्टि समावेश हुन सक्छ।
एक आवेदकलाई एकभन्दा बढी व्यक्तिगत पहिचान कागजात प्रस्तुत गर्न अनुरोध गर्न सकिन्छ।

### सील छाप वा हस्ताक्षर

- खाता खोल्ने समयमा, आवेदन फाराममा आवेदकको सिल छाप लगाएर पूरा गर्नुपर्छ। कृपया ध्यानमा राख्नुहोस् कि विभिन्न वित्तीय संस्थाहरूले वैकल्पिक रूपमा आवेदकको हस्ताक्षर पनि स्वीकार्छन्।
- तपाईंले जब आफ्नो सील अर्डर गर्नुहुन्छ, कृपया स्टोरलाई निर्देशन दिनुहोस् कि सील बैंकिङ लेनदेनको लागि योग्य हुनुपर्दछ।

### अन्य विषयहरू

- कृपया बैंक खाताको लागि आवेदन दिंदा आफ्नो कर्मचारी आइडी वा आवेदकको रोजगारीको स्थिति पुष्टि गर्न सकिने अन्य कागजात लिएर आउनुहोस्।
- कृपया ध्यान राख्नुहोस् कि आवेदन प्रक्रियामा प्रमाणीकरण उद्देश्यका लागि आवेदकको रोजगारीको स्थानमा फोन गर्न सकिनेछ।
- जापानी भाषा सहयोगको आवश्यकता पर्न सक्ने आवेदकहरू रोजगारको क्षेत्र, इत्यादि बाट एक व्यक्तिलाई सहयोगको लागि अनुरोध गर्नु पर्दछ।
- छात्रहरूलाई उनीहरूको विद्यार्थी आइडी लिएर आउन अनुरोध गरिन्छ।

## जम्मा बैंक खाता बेच्नु वा खरिद गर्नु एक दण्डनीय अपराध हो!



- जम्मा बैंक खाता बेच्नु वा खरिद गर्नु (अर्थात्, जम्मा खाता पासबुक वा नगद कार्ड बेच्नु वा खरिद गर्नु) जापानको कानून अन्तर्गत निषेध गरिएको छ र बिक्रेता र खरिददार दुबैलाई सजाय दिइन्छ।
- यदि तपाईं बसाइ अवधि समाप्त, इत्यादि को कारण स्वदेश फर्किनुहुन्छ भने, बैंक खाताहरूको गैरकानूनी उपयोगलाई रोक्नको लागि कृपया तपाईंको वित्तीय संस्थानको खाता बन्द गर्ने प्रक्रिया पूरा गर्नुहोस्।

JBA JAPANESE BANKERS ASSOCIATION
一般社団法人
全国銀行協会

（ネパール語）